# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

## खण्ड ७ संख्या ३६ मिति २०८०/०८/१६

## भाग २


राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**दुध उत्पादक कृषकहरुलाई प्रोत्साहान स्वरुप अनुदान दिने कार्यक्रम निर्देशिका, २०८०**

## राप्ती सोनारी गाउँपलिका

## दुध उत्पादक कृषकहरुलाई प्रोत्साहान स्वरुप अनुदान दिने कार्यक्रम निर्देशिका, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०८/१३**

**प्रमाणीकरण मितिः २०८०/०८/१६**

प्रस्तावना: राप्ती सोनारी गाउँपालिकाको आ.ब.०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषकहरुलाई पशुपालनतर्फ आकर्षित गराएर दुध उत्पादनमा वृद्धि गराउने र कृषकहरुलाई पशुपालनमा प्रोत्साहन गर्न बञ्छनीय भएकोले राप्ती सोनारी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही दुध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान दिने कार्यक्रम निर्देशिका, २०८० तयार गरी जारी गरेकोछ।

### परिच्छेद-१
### प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ:**

क) यस कार्यविधिको नामः "दुध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान दिने कार्यक्रम निर्देशिका, २०८०" रहेको छ।

ख) यो निर्देशिका राप्ती सोनारी गाउँकार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२) **परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "निर्देशिका" भन्नाले गाउँपालिकाको "दुध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान दिने कर्यक्रम निर्देशिका, २०८०" लाई सम्झनु पर्नेछ।

ख) "गाउँपालिका" भन्नाले राप्ती सोनारी गाउँपालिकालाई सम्झनु पर्नेछ।

ग) "अध्यक्ष" भन्नाले राप्ती सोनारी गाउँपालिकाको निर्वाचित अध्यक्षलाई सम्झनु पर्नेछ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपाल सरकारले प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्नेछ।

ङ) "वडा" भन्नाले राप्ती सोनारी गाउँपालिकाका वडालाई सम्झनु पर्नेछ।

च) "अनुदान छनौट समिति" भन्नाले यस निर्देशिका बमोजिम गठित समितिलाई सम्झनु पर्नेछ।

छ) "कार्यक्रम" भन्नाले राप्ती सोनारी गाउँपालिकाको आ.ब.०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रतिलिटर दुधमा अनुदान कार्यक्रम सम्झनु पर्नेछ।

ज) "पशु सेवा शाखा" भन्नाले राप्ती सोनारी गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्नेछ।

**परिच्छेद-२**

**अनुदान छनौट समिति**

३) राप्ती सोनारी गाउँपालिकाका कृषकहरुलाई उत्पादनमा आधारीत दुधमा प्रोत्साहान अनुदान छनौट समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) आर्थिक विकास समिति संयोजक – सदस्य

ङ) पशु सेवा शाखा प्रमुख – सदस्य सचिव

अनुदान छनौट समितिको बैठकमा आवश्यकता अनुसार गाउँपालिकाका पदाधिकारी, कर्मचारी वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**४) अनुदान छनौट समितिको काम, कर्तव्य र अधिकार**

क) अनुदान छनौटका लागि आवश्यक नीति तथा योजना तर्जुमा गर्ने ।

ख) निर्देशिका वा कार्यविधिको कार्यान्वयनमा कुनै दुविधा भए सोको निराकरणका लागि सहजीकरण गर्ने ।

ग) अनुदानबाट सञ्चालित कार्यक्रमको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने ।

घ) अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई अनुदान प्राप्त कार्यक्रम/आयोजनाको अनुगमन गर्ने/गराउने ।

**परिच्छेद- ३**

**कार्यक्रम सञ्चालन प्रक्रिया**

५) **कार्यक्रम संचालन तथा व्यवस्थापन प्रक्रिया:** राप्ती सोनारी गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ । कृषकहरुलाई कार्यक्रमको जानकारीका लागि १५ दिनको सूचना पशुपन्छी विकास शाखाले प्रत्येक महिनाको अन्तिममा प्रकाशन गर्नेछ, सो सूचना राप्ती सोनारी गाउँपालिकाको सूचनापाटी तथा सबै वडाहरुमा समेत पठाईनेछ ।

६) **कार्यक्रम संचालन गरिने संख्या निर्धारण**: राप्ती सोनारी गाउँपालिकाको बार्षिक कार्यक्रममा बिनियोजित बजेटको आधार अनुसार हुनेछ ।

**७) कार्यक्रम संचालनका लागि कृषक छनौटका आधार र संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :**

क) कार्यक्रम संचालनका लागि कृषकहरुको गाउँपालिका स्तरीय अनुदान छनौट समितिले छनौट गरी अनुमोदनका लागि कार्यपालिका समक्ष पेश गर्नेछ ।

ख) दुध उत्पादक कृषकहरुले आधिकारिक निकायमा दर्ता भएका डेरीमा मात्र दुध बेचेको हुनुपर्नेछ ।

ग) दुध उत्पादक कृषकले न्युनतम बार्षिक ५०० लिटर दुध बेचेको हुनुपर्नेछ।

घ) दुधको मापन (Standard) नेपाल सरकारले तोके बमोजिम हुनुपर्नेछ।

ङ) दुध उत्पादक कृषकले निवेदनका साथमा सम्बन्धित डेरी बाट दुध बेचेको रेकर्ड बुझाउनु पर्नेछ।

च) पालिका स्तरीय अनुदान छनौट समितिले स्थलगत अध्ययन, अवलोकन गरि प्राप्त प्रस्ताव उपर आर्थिक र प्राविधिक रुपले बुश्लेषण र मुल्याङकन गर्नेछ।

छ) कार्यक्रमको अनुगमन पशुपन्छी विकास शाखाले गर्नेछ।

ज) दुध उत्पादक कृषकले प्रतिलिटर ३ रुपैया अनुदान पाउने छ।

झ) दुध मापन (Standard) को खाका सम्बन्धित डेरीलाई पशुपन्छी विकास शाखाले उपलब्ध गराउनेछ।

ञ) दुध उत्पादन कृषकहरुले दुध विक्री गरेको सहकारी, डेरीहरुले यस आ.ब.मा कुनै निकायबाट दुग्ध उत्पादन प्रतिफलमा आधारित अनुदान नलिएको सो घोषणा पत्र

८) **सम्झौता र भुक्तानी:** प्रतिलिटर दुधमा अनुदान कार्यक्रम संचालन गर्दा देहाय बमोजिम सम्झौता र भुक्तानी हुनेछ।

**(क) सम्झौता**

राप्ती सोनारी गाउँपालिकाले छनौट भएको अनुदान ग्राहीसंग अनुसूची १ मा भएको सम्झौता अनुरुप हुनेछ।

**(ख) भुक्तानी**

अनुदान रकम अनुदान ग्राहीको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ। भुक्तानी दिने बेलामा कृषकले दुध बिक्रि गरेको रेकर्ड र दुधको नेपाल सरकारले तोके बमोजिमको मापन(Standard) सम्बन्धीत डेरी बाट ल्याएको हुनुपर्नेछ। साथै पशुको बीमा अनिवार्य गरेको हुनुपर्नेछ।

९) **कृषकले पेश गर्नुपर्ने कागजातहरु,**

१) नागरिकताको प्रतिलिपि

१) फर्म दर्ता भएमा प्रमाणपत्रको प्रतिलिपि

२) सम्बन्धीत वडाको सिफारीस

३) कृषकले दुध बिक्रि गरेको रेकर्ड

## अनुसुचि १

## दुध उत्पादक कृषक / समुह /निजि डेरी / सकलक व्यक्ति/ सहकरी सस्था हरुका लागि प्रस्ताव आह्वनको ढाँचा

**प्रथम पटक प्रकाशित मिति:-**

राप्ती सोनारी गाउँपालिकाको आ.व. ....... को स्वीकृत बार्षिक बजेट कार्यक्रम अनुसार दुधमा आधारित बितरण कार्यक्रममा स्थानीय निकायमा वा कानुन बमोजिम सरकारी निकायमा दर्ता भएका समुह / निजि डेरी / सकलक व्यक्ति/ सहकरी सस्था हरुले सहभागी भई तहाँ नियमित रुपमा दुध बिक्रि गरिरहेका दुध तथा दुग्ध पदार्थ उत्पादक कृषक हरुलाई अनुदानमा सहभागी गराउन यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँपालिका वा पशु विकास शाखामा अनुसूची २ बमोजिम आबेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

## अनुसूची २
## दुध उत्पादक कृषक / समुह /निजि डेरी / सकलक व्यक्ति/ सहकारी सस्थाले दिने आबेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु,
राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके

मिति:-

बिषय :- कार्यक्रममा सहभागी हुन् पाउँ।

प्रस्तुत बिषयमा मिति ...............प्रकाशित सूचना अनुसार यस व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारित अनुदान बितरण कार्यक्रममा सहभागी हुन् चाहेकोले सो प्रयोजनका लागि तपशिल अनुसारको बिबरण र अन्य आवस्यक कागजात समेत सग्लग्न गरि आवेदन पेश गरेका छौ |

तपशिल :-

(१) सस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि | ( फर्म दर्ता वालाको हकमा )
(२) कर चुक्ता को प्रमाणपत्र प्रतिलिपि || ( फर्म दर्ता वालाको हकमा )
(३) कृषकको बिबरण :- - कृषकको नागरिकता प्रतिलिपि, पशुको फोटो |

आवेदक
नामथर:
ठेगाना:
सही छाप :

आज्ञाले,
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत